बैठक संख्याः १५६/१२/२०८०/०८१
मिति :२०८०/११/१७
समय : दिनको ११ .०० बजे

आज मिति २०८०/११/१७ गते बिहीबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप–प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट - प्रमुख प्रशासकीय अधिकृत | सचिव |

. अन्य उपस्थिती

श्री मंगल राज जोशी - वडा सदस्य वडा नं ६

मिति २०८०/११/१७ गते

**१५६ औ कार्यपालिका बैठकका निर्णयहरु**

निर्णय नं. १- १५६ औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं. २- आर्थिक वर्ष ०८१/०८२ को लागि प्रदेश नीति तथा योजना आयोगलाई प्रदेश समपुरक र प्रदेश विशेष अनुदानमा तपशिल बमोजिमका योजना माग गर्ने निर्णय गरियो।

तपसिल

प्रदेश समपुरक योजना

१) शुक्लाफाँटा नगरपालिकामा जंगली जनावर प्रभावित क्षेत्रमा मेसवायर जडान गर्ने ।

२) कलुवापुर बेलौरी सडक खण्ड देखी वडा नं. १ हुदै वडा नं. १२ को सिमाना सम्म जोडने शु.न.पा. १ मध्यमार्ग ।

३) पारिफाँटा मणिकाधाम धारापानी बतासे झरना पर्यटकिय सडक शु.न.पा. ८ ।

प्रदेश विशेष योजना

१) स्वास्थ्य उपकरण खरिद ।

२) वडा नं. ३ को वडा कार्यालय पछाडी तटबन्ध निर्माण ।

निर्णय नं. ३- यस शुक्लाफाँटा नगरपालिका चालु आ.व. ०८०/०८१ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत हाईमास्ट लाईट शिर्षकमा रु ५०,००,०००।– (अक्षेरुपी पचास लाख ) अनुदान प्राप्त भएकोमा उक्त कार्यक्रम संचालन गर्न ठेक्का आवहृन गरि तपसिलका स्थानहरुमा जडान गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | स्थान | पोल संख्या थान |
|---|---|---|
| १ | कलुवापुर चौराहा | १ थान |
| २ | वनसमिति चौराहा | १ थान |
| ३ | बन्साहा चौराहा | १ थान |
| ४ | नगर अस्पताल पिपलाडी | १ थान |
| ५ | समूह चौराहा | १ थान |

निर्णय नं. ४- यस शुक्लाफाँटा नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुको शैक्षिक सुधार विद्यार्थी अनुपात र भौतिक दुरीका आधारमा विद्यालय समायोजन , दरबन्दी मिलान , तहगत र विषयगत शिक्षक व्यवस्थापनका लागि गठित शिक्षक दरबन्दी मिलान,विद्यालय समायोजन र तहगत प्रधानाध्यापक व्यवस्थापन शिक्षा कार्यदलले पेश गरेको प्रतिवेदन ग्रहण गर्दै कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि ,कनून निर्माणका लागि विधायन समिति र शिक्षा शाखामा पठाउने र प्रतिवेदनमा उठाईएका विषयलाई प्रचलित कानून बमोजिम कार्यान्वयनका लागि आ.व. २०८०/०८१ मा सम्पूर्ण तयारी पुरा गरी आ.व. २०८१/०८२ मा कार्यान्वयन गर्ने गरी शिक्षा शाखालाई जिम्मेवारी दिने ।

निर्णय नं.५ - आर्थिक वर्ष २०८०/०८१ मा यस शुक्लाफाँटा नगरपालिकाका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका तपसिलका सामुदायिक वन उपभोक्ता समूहले तयार गरेको कार्ययोजना स्वीकृतीका लागि सिफारिस गरिएकोमा उक्त सिफारिस हरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री भगवती महिला सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. १ ।
२. श्री विन्द्रवन सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. ९ ।
३. श्री जनज्योती सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. १ ।
४. श्री सुनदेवी महिला सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. ८ ।
५. श्री प्रगती महिला सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. ८।
६. श्री कालिका सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. ८ ।
७. श्री सिद्ध वैजनाथ सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. १ ।
८. श्री बसन्त सामुदायिक वन उपभोक्ता समूह शु.न.पा. ११ ।

निर्णय नं.६ - यस कार्यालय बाट तत्काल उक्त रकम उपलब्ध गराउन नसकिने भएकोले पछि सोधभर्ना हुने गरी हाललाई क्षेत्रीय शहरी विकास आयोजना धनगढी कैलाली संग उक्त रकम वन विकास कोषमा जम्मा गरिदिनहुन भनी सहयोगार्थ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७- यस शुक्लाफाँटा नगरपालिकाको ठेक्का नं. SMP/080-81/NCB/GOODS/15 ( वडा नं. ८ गौडी खोलामा नदीजन्य पदार्थ उत्खनन गर्ने कार्य ) को पेश भएको मुल्यांकन प्रतिवेदन स्वीकृत गरि ७ (सात) दिने आशयको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।